# जोरायल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

## मेलमिलाप सम्बन्धी आधारभूत तालिम संचालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !

(सूचना नं. ६१/२०८०-०८१, मितिः २०८०/११/०३)

यस जोरायल गाउँपालिकाको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार जोरायल गाउँपालिकामा रहेका ६ वटै वडा अन्तर्गतका सामुदायिक मेलमिलाप कर्ताहरुलाई मेलमिलाप सम्बन्धी आधारभूत (४८ घण्टे) तालिम संचालन गर्नुपर्ने भएको र सो कार्य सम्पन्न गर्नका लागि योग्यता पुगेका परामर्शदाताबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८२ अनुसार सेवा खरिद गर्नुपर्ने भएकोले तपसिल बमोजिमका शर्तहरुका आधारमा उक्त तालिम के कति दररेटमा संचालन गर्न सकिन्छ ? यस कार्यालयमा सूचीकृत भएका र आवश्यक योग्यता पुगेका परामर्शदाताहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तपसिल बमोजिमको आवश्यक कागजात सहित प्रस्ताव पेश गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

**शर्तहरुः**

(१) मिति २०८० फागुन १७ गते कार्यालय समयभित्र दररेट प्रस्ताव पेश गरिसक्नुपर्नेछ ।
(२) दररेट प्रस्ताव भ्याट सहित रु.५,००,०००.० (अक्षेरेपी पाँच लाख मात्र) मा नबढ्ने गरी हुनुपर्नेछ ।
(३) दररेट प्रस्ताव पेश गर्दा कर सहित वा कर बाहेकको रकम खुलाई पेश गर्नुपर्नेछ ।
(४) परामर्शदाता छनौट गर्दा सार्वजनिक खरिद ऐन/नियमावली तथा प्रचलित कानूनको परिधिभित्र रही सबैभन्दा कम कबोल भएको संस्थालाई छनौट गरिनेछ ।
(५) सहजकर्ता सम्बन्धित निकायबाट तालिम प्राप्त भएको व्यक्ति हुनुपर्नेछ ।
(६) कार्य अनुभव कम्तिमा ३ वर्षको हुनुपर्नेछ ।
(७) कुनै पनि शर्त राखी पेश भएका प्रस्ताव स्वीकृत गरिने छैन ।

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

**आवश्यक कागजातहरुः-**

(१) स्थायी लेखा नम्बर प्रमाण-पत्र प्रतिलिपि
(२) फर्म दर्ता प्रमाण-पत्र प्रतिलिपि
(३) आ.व. २०७९/०८० को करचुक्ता प्रमाण-पत्र प्रतिलिपि
(४) मेलमिलाप परिषदमा फर्म दर्ता तथा नविकरण भएको प्रतिलिपि
(५) कार्य अनुभव सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि
(६) सम्बन्धित निकायबाट सहजकर्ताले तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि
(७) प्रस्ताव पत्र